नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमख जिल्ला अधिकारी श्री हिरालाल रेग्मी

मुद्दाः- दुषित गाई भैंसीको -दाना उत्पादन बिक्री बितरण।

मि.नं.-२५० दायर मिति :-२०७९/०८/२१

फैसला मिति :-२०८०/८/१

| वादी | प्रतिवादी |
| --- | --- |
| खा.अ.अ.बिक्की राउतको जाहेरीले नेपाल सरकार------------------------------१ | जिल्ला बि.म.न.पा.वडानं.२१बिर्ता अबस्थित श्री प्रोबायोटेक ईन्डस्ट्रिज प्र.ली.उद्योगको कार्यकारी निर्देशक तथा अनुज्ञापत्र प्राप्त गर्ने व्यक्ति श्री दिनेश कुमार गौतम----१ |

प्रस्तुत मुद्दा यस कायालयका क्षत्राधकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-

## तथ्य-खण्ड

१.बजार निरीक्षणको क्रममा गाई भैंसीको दाना नमूना संकलन अनुसुची-२ भरेको मुचुल्का ।

२.बिश्लेषण परीक्षण नमूना अनुसुची-३ जिल्ला प्रशासन कार्यालय ,सिन्धुली समेतमा पठाईएको ।

३. सा.बि ज्यूबाट गुणस्तर मापदण्ड भित्र नपरेको भनी कैफियत उल्लेख भएको अनुसुचि-४ ।

४.प्रतिवादी दिनेश कुमार गौतमको बयान।

५.मुद्दा चल्ने वा नचल्ने निर्णयको लागी जि.स. व का. पर्सामा पेश हुदाँ मुद्दा चल्नेभई मिति २०७९।०६।०५ मा निर्णय भएको।

६.यस कार्यालयमा अधिकारनामा प्राप्त ओम प्रकाश बैठाको बयान।

## ठहर खण्ड

यसमा बजार निरीक्षणको क्रममा गाई भैंसीको दाना नमूना संकलन अनुसूची-२, बिश्लेषनार्थ नमूना पठाएको अनुसूची-३ सा.बि.ज्यूबाट मिति २०७७।०९।२३ को प्राप्त विश्लेषण प्रतिवेदनमा प्राप्त नमुना नेपाल सरकारले गाई भैंसीको दाना लागि तोकेको अनिवार्य गुणस्तर अनुरूप अनुकुल नपाईएको भनी कैफियत उल्लेख भएको अनुसूचि -४ प्राप्त भएको आधारमा प्रतिवादीले दाना ऐन २०३३ को दफा ३ बिपरीत उद्योगबाट उत्पादित गाई भैंसीको दाना नेपाल सरकारले तोकेको माप दण्डमा छ छैन सो चेकजाँच गरी उत्पादन तथा विक्री गर्नुपर्नेमा सो गरे भएको नदेखिदा प्रतिवादी प्रोवायोटेक ईन्डष्ट्रिज प्रा.लि.को कार्यकारी निर्देशक तथा अनुज्ञापत्र प्राप्त गर्ने दिनेश कुमार गौतमले सो कार्य दाना ऐनको दफा ३ बिपरीत कसूर अपराध गरेको ठहर्छ । सो ठहर्नाले सोही ऐनको दफा ८ बमोजिम प्रतिवादी प्रोवायोटेक ईन्डष्ट्रिज प्रा.लि.का अधिकारनामा प्राप्त ओम प्रकाश बैठालाई रु २०,०००।- (अक्षरेपी रु बिस हजार) मात्र जरिवाना हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए ।

## तपसिल खण्ड

१.माथि ईन्साफ खण्डमा लेखिए बमोजिम ऐनको दफा ३ बिपरीत कसूर अपराध गरेको ठहर्नाले सोही ऐनको दफा ८ बमोजिम निज प्रतिवादी प्रोवायोटेक ईन्डष्ट्रिज प्रा.लि.का अधिकारनामा प्राप्त ओम प्रकाश बैठाबाट रु २०,०००।- (अक्षरेपी रु बिस हजार) मात्र जरिवाना असुलउपर गर्न जिल्ला प्रहरी कार्यालय,पर्सालाई पत्र लेखु।----------------------------------१

२.प्रस्तुत फैसलामा चित्त नबुझे ३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नु भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु.......................................................................१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु। ..................................१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु.......................................................................................................................१

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल मंसिर महिना १ गते ६ रोज शुभम्.......................................................... ।